आठराई त्रिवेणी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हाङपाङ, ताप्लेजुङ

१ नं प्रदेश, नेपाल

प.स.२०७९/८०

च.नं. ९००

मितिः २०७९/०९/२८

श्री सामुदायिक विद्यालयहरु सवै,

आठराई त्रिवेणी गाउँपालिका,

हाङपाङ, ताप्लेजुङ ।

विषयः निर्देशन सम्वन्धमा ।

प्रस्तुत विषयमा शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्र को च.नं. ६७ मिति २०७९/०५/०८ गते निर्णय कार्यन्वयन सम्बन्धमा प्राप्त पत्रानुसार तथा शिक्षा विकास तथा समन्वय इकाई, ताप्लेजुङको च.नं. ११६ मिति २०७९/०५/०९ गतेको निर्णय कार्यान्वयन सम्वन्धमा उल्लेखित प्राप्त पत्र बमोजिम तथा यस आठराई त्रिवेणी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०७९/०९/२६ गतेको बैठकको निर्णयानुसार यस आठराई त्रिवेणी गाउँपालिका भित्र सामुदायिक विद्यालयका शिक्षक, प्रारम्भिक वालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुले सामाजिक सञ्जालमा राजनितिक दलसंग सम्वन्धित गतिविधीहरु झल्कने खालको कुनै पनि किसिमको कार्यहरु नगर्नु नगराउनु हुन निर्देशानुसार अनुरोध छ साथै माथि उल्लेखित पत्रहरु यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

.......................................................

संजय घिमिरे

नि. प्रमुख प्रशासकिय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

आठराई त्रिवेणी गाउँपालिका

Scanned with OKEN Scanner

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# शिक्षा विकास तथा समन्वय इकाई

ताप्लेजुङ

(१ नं. प्रदेश, नेपाल)

चलानी नं. : ११६

पत्र संख्या ०७९/०८०

मिति : २०७९/०५/०९

श्री स्थानीय तहहरु सबै,

ताप्लेजुङ

**विषय :-** <u>निर्णय कार्यान्वयन सम्बन्धमा</u>

प्रसतुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र शिक्षक व्यवस्थापन समन्वय शाखा सानोठिमी, भक्तपुरको च. नं. ६७ मिति २०७९।०५।०८ को पत्रको प्रतिलिपि यसै पत्रसाथ संलग्न राखी पठाइएको छ। पत्रमा उल्लेख भएको व्यहोरा अवगत गर्नु भई आवश्यक व्यवस्थापनका लागि अनुरोध छ।

०७९/०५/०९

योगेश्वर भट्टराई

इकाई प्रमुख (शाखा अधिकृत)

इकाई प्रमुख

<u>बोधार्थः</u>

शिक्षा तथा मानव स्रोत विकास केन्द्र,

शिक्षक व्यवस्थापन समन्वय शाखा,

सानोठिमी, भक्तपुर

Scanned with OKEN Scanner

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

शैक्षिक योजना तथा विकास महाशाखा

## शिक्षक व्यवस्थापन समन्वय शाखा

सानोठिमी, भक्तपुर

प.सं. २०७९/८०/शि.व्य. | शाखा सम्पर्क नं. ०१-६६३५११२
च.नं. ६९

मितिः २०७९/०५/०८

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री शिक्षा विकास तथा समन्वय इकाई,
सबै ।

प्रस्तुत विषयमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. १४८ मिति २०७९/०५/०१ को पत्रानुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको च.नं. प्रा.स./४२१/६४९ मिति २०७९/४/२५ को पत्रसाथ प्राप्त निर्वाचन आयोग, नेपालबाट नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको स्वशासित संस्थाको बहालवाला प्राध्यापक, शिक्षक वा कर्मचारीको पदमा बहाल रहेको व्यक्ति तथा कुनै सार्वजनिक पद धारण गरेको कारणबाट संविधान तथा कानून बमोजिम राजनीतिक दलको सदस्य हुन अयोग्य रहेको व्यक्ति कुनै राजनीतिक दलको सदस्य हुन नसक्ने व्यहोराको जानकारी गराई उपरोक्तानुसार भए गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गर्न नेपाल सरकार प्रधानमन्त्री मन्त्रिपरिषदको कार्यालय मार्फत नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहलाई जानकारी दिने भनि मिति २०७९/४/१५ मा भएको निर्णय कार्यान्वयन गर्न भनि लेखी आएकोले सो निर्णय कार्यान्वयन गर्न गराउन हुन निर्देशानुसार अनुरोध छ ।

..............................
भुवनेश्वर जोशी
शाखा अधिकृत

बोधार्थः
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
कर्मचारी प्रशासन तथा सुशासन प्रवर्द्धन शाखा,
सिंहदरबार, काठमाडौं ।

जिल्ला ...
दर्ता नं. 26
मिति 2079/05/09

URL: https://www.cehrd.gov.np
Section email : teachermgt.cehrd@gmail.com

Scanned with OKEN Scanner